**यस गरिमामय पाँचौ गाउँ सभाका सभाध्यक्ष**

तथा गाउँ सभाका सदस्य ज्यूहरु,

१.नेपालको संविधान जारी संगै तिन तह स्थानीय तह, प्रदेश र केन्द्रको निर्वाचन सम्पन्न भइ देशमा स्थाइ सरकारको स्थापना पश्चात केन्द्र र प्रदेश सरकारले आ.व.०७६/७७ को नीति तथा कार्यक्रम र वजेट समेत सार्वजनिक गरि देशलाई स्पष्ट मार्गदर्शन गरेको परिप्रेक्षयमा यस कञ्चन गाउँपालिकाको तेस्रो गाउँसभामा आ.व.२०७६/०७७ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाँउदा म आफुलाई अत्यन्तै गौरवान्वित ठानेको छु।

२.लोकतन्त्र प्राप्तिको आन्दोलनमा बलिदानि दिनुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु प्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दछु।

३.कञ्चनको समग्र विकास र कञ्चनवासीको समृद्धिको सपना बोकी चालु आ.ब. को नीति तथा कार्यक्रम कार्यान्वयनमा प्रत्यक्ष अप्रत्यक्ष संलग्न हुनुहुने सम्पूर्ण दिदि वहिनी तथा दाजुभाईहरुलाई धन्यवाद ज्ञापन गर्दछु।

४.यस गाउँपालिकाको ठुलो वस्ति अव्यवस्थित रुपमा सदियौ देखि वसोवास गर्दै आएको र चालु आर्थिक वर्षमा अव्यवस्थित रुपमा बसोबास गर्ने परिवारको लगत लिने कार्य भईसकेकोमा आ.व ०७६/७७ मा अव्यवस्थित वसोवास तथा खेतिपाति र उद्योग व्यवसाय सञ्चालन गर्दै आएको परिवार र तिनले हकभोग गरेको जग्गाको तथ्याङ्क अनुसार नापजाँच गरि निश्चित मापदण्ड तोकि अभिलेख व्यवस्थित गरि अभिलेख अनुसार तत्काल जग्गाको अस्थाई प्रमाण उपलब्ध गराउन आवश्यक व्यवस्था मिलाईने र स्थाई रुपमा जग्गा धनि प्रमाण पूर्जा

उपलब्ध गराउन संघ र प्रदेश सरकारको ध्यान केन्द्रित गर्न आवश्यक पर्ने सम्पूर्ण कार्य अपनाईने छ।

५.सार्वजनिक जग्गा संरक्षण गरि अतिक्रमण हुन नदिन आवश्यक व्यवस्था मिलाईने छ।

६.कञ्चन रिङ रोड सम्भाव्यता अध्ययन गरि यसै आ.व. मा निर्माण प्रक्रिया शुरु गरिने छ।

७. सवैखाले समस्याहरु संवादको माध्यमवाट शान्तिपूर्ण रुपमा समाधान गर्ने पक्षमा अडिग छौ। लोकतान्त्रिक मुल्य मान्यताको सफल अभ्यास गर्नमा केन्द्रित रहने छौ। अधिकारको माग र प्रयोग सगै कर्तव्यलाई पनि संग संगै लैजान सम्पूर्ण कञ्चनवासीहरु सगं हातेमालो गर्दै अघि वढ्ने नीति अवलम्वन गरिने छ।

८.बिकास निर्माणका योजना छनौट तथा कार्यान्वयनमा सहभागितामुलक साझेदारीको अवधारणा लाई अर्थपूर्ण कार्यान्वयनमा लैजाने अवधारणाको बिकास गरिने छ।

९.सवै प्रकारका भेदभाव र अन्यायको अन्त्य, न्यायको प्राप्ती र सवैको समृद्धि हाम्रो नीति हुनेछ। सामाजिक न्याय र समानताको दृढ पक्षपोषण गर्दै कञ्चनवासी जनताको अधिकार,अवसर, सुरक्षा र सम्मान हुने कार्यमा स्थानीय सरकार हरपल दृढ प्रयत्नशिल रहने छ।

१०. बिकास बाहेक समृद्धि हासिल गर्ने अर्को बाटो छैन। यस दिशामा जनताका जायज मागहरुलाई सुन्ने र पुरा गर्ने काम हुनेछ। जोड जवरजस्ती र अराजकता कुनै पनि हालतमा स्वीकार्य हुने छैन। हामी लोकप्रियताका लागि काम गर्दैनौ जनताको लागि राम्रो काम गरेर लोकप्रिय हुनेछौ।

सभाध्यक्ष ज्यु

११.कञ्चनवासीले प्रत्यक्ष अनुभुत र महशुस गर्नेगरि विकास र समृद्धि हासिल गर्ने तर्फ हामिले आर्थिक वर्ष २०७५/०७६ का नीति तथा कार्यक्रमहरु तयार गरेका छौ।

१२.यस गाउपालिका भित्र रहेका सबै जनताको बाँच्ने आधार कृषि पेशा भएको हुदा कृषि उत्पादकत्व वृद्धि गर्नआधुनिकिकरण र व्यवसायिकरण गर्न प्रदेश र संघिय सरकार संग समन्वय गरी स्थानीय सरकारको स्रोत समेत व्यापक रुपमा परिचालन गरिने छ।

१३.सामुदायिक तथा सहकारिमा आधारित कृषि प्रणालिलाई विशेष अनुदानको व्यवस्था गरिने छ।

१४.भुमिको उत्पादकत्व वृद्धि गर्न भु उपयोग नीतिका आधारमा समग्र भुमिको उपयोग मा जोड दिइने छ।सहकारी र सामुहिकखेतिलाई प्रोत्साहन गरीने छ।

१५.अर्गानीक कृषि उत्पादनलाई महत्व दिने गरि अभियान संचालन गरिने छ।

१६.पशुपन्छिजन्य तथा मत्स्य उत्पादनमा आत्मनिर्भर हुने र निर्यात वृद्धि गर्ने नीति अवलम्वन गरिने छ।

१७.कृषि उत्पादनलाई चाहिने मल, बिउ, उपकरण र अन्य आवश्यक सेवाहरु संघिय सरकार र प्रदेश सरकार संग समन्वय र साझेदारी गरि उपलब्ध गराउने र खाद्य स्वच्छता प्रवर्द्धन गर्न प्रभावकारी नियमनको व्यवस्था मिलाईने छ।कृषकहरुलाई प्रविधि र सीपको व्यवहारिक ज्ञान प्राप्त गर्ने व्यवस्था मिलाईने छ।

१८. कृषि विउ बिजन बितरणको लागि कृषि डिपो स्थापना गर्न पहल गरिने छ।

१९.चालु आ.व. मा कृषियोग्य जमिनमा सानासिचाइ आयोजनामा लगानि बृद्धि गरीने छ।जनताको सहभागितामा मझौला र ठुला सिचाई आयोजनाहरु निर्माण गर्न प्रदेश र केन्द्र सरकार संग सहकार्य गर्ने र आगामी ४ वर्ष भित्र सिंचाई नभई कृषि योग्य जमिन बाझो राख्ने अवस्थालाई निर्मुल गर्ने गरि कार्यलाई अभियानकै रुपमा अगाडी बढाईने छ।

२०. प्रदेश सरकारको एक स्थानीय तह एक कोल्ड स्टोर भन्ने नीति अनुसार गाउंपालिकाको उपयुक्त स्थानमाकोल्ड स्टोर(चिस्यान केन्द्र) निर्माण कार्यको आरम्भ गरिने छ।

२१.कृषि उत्पादनलाई सहज रुपमा बजारको व्यवस्था मिलाउन प्रत्येक हप्ता स्थानीय स्तरमा उत्पादित वस्तुहरु उपलब्ध हुने गरि नया साप्ताहिक हाट बजार तथा संकलन केन्द्रको सम्भाव्यता अध्ययन तथा सम्भाव्यता अध्ययनका आधारमा निर्माण गर्न आवश्यक व्यवस्था मिलाइने छ।

२२. जलवायु परिवर्तनलाई न्युनिकरण गर्न गाउपालिका भित्र रहेका सम्पूर्ण ताल तथा  सिमसार क्षेत्र संरक्षण गर्न आवश्यक व्यवस्था मिलाउनको लागि प्रदेश र केन्द्र सरकार संगको सहकार्यमा काम अगाडी बढाईने छ।

२३.संघिय सरकारले बिश्व मञ्चमा गरेको प्रतिवद्धता अनुरुप दिगो विकासका लक्ष्यलाई समयमै पुरा गर्ने गरि तय भएका सुचकहरु हासिल गर्ने किसिमका कार्यक्रमहरु लाई गाउपालिका बाट योजना निर्माण तथा कार्यान्वयनमा पहिलो प्राथमिकता दिईने छ।

२४.सरकारी,नीजि, सहकारी र सामुदायिक साझेदारीका आधारमा यस क्षेत्रको बन व्यवस्थापनलाई जोड दिईने छ।

२५.चालु आ.व. देखि नै सुरुवात भएका विद्युतिकरण लो भोल्टेजको समस्या समाधान, ट्रान्सफर्मरको व्यवस्था लाई निरन्तरता दिई कञ्चनबासीको विद्युतमा देखिएको समस्यालाई समाधान गर्ने कार्यक्रममा जोड दिईने छ।

२६.कृषिमा आधारित साना तथा मझौला उद्योग स्थापना गर्ने कार्यलाई प्रोत्साहन गरिने छ।

२७. सहकारीलाई बिकास तथा अर्थतन्त्रको महत्वपूर्ण हिस्साको रुपमा बिकास गरि उत्पादन वृद्धि, रोजगारी श्रृर्जना र वितरणमा तिनको भुमिका बढाईने छ।

२८.माछा पोखरी निर्माण गरि आय आर्जन बृद्धि गर्ने कृषक समूहहरुको लागि नीजि सरकारी साझेदारी कार्यक्रम अन्तर्गत बिकास गर्न आवश्यक व्यवस्था मिलाईने छ।

२९.कुनै पनि प्रकारको सिण्डिकेट, कार्टेलिङ्ग र मिलेमतोलाई कठोरताको साथ निरुत्साहित गरिने छ। उपभोग्य वस्तुको गुणस्तर कायम गर्न बजार नियमन र अनुगमन लाई प्रभावकारि रुपमा अगाडि बढाईने छ।

३०.बिकासको पूर्वाधार सडकलाई आत्मसाथ गर्दै सडकमा सवैको पंहुच अभिवृद्धिमा जोड दिईने छ। सडक निर्माण गर्दा वातावरण मैत्री जनसहभागिता वृद्धि र न्युनतम मापदण्ड तोकि सोही अनुसार निर्माणको अवधारणा अगाडि बढाईने छ।

३१.चालु आ.व. देखि नै धुले र ग्राभेल सडक लाई कालोपत्रे गर्ने अभियानलाई निरन्तरता दिदै मुख्य सडकहरु सहज रुपमा बार्है महिना यातायात संचालन हुन सक्ने गरी जनसहभागितामा कालोपत्रे अभियानलाई निरन्तरता दिईने छ।

३२.सामुदायिक बन उपभोक्ता समुहले सञ्चालन गर्ने समाजिक तथा भौतिक बिकास र बन बिकासका योजनाहरु गाउपालिका संगको समन्वय र साझेदारीमा संचानल गर्नुपर्ने नीति अवलम्वन गरिने छ।

३३.कञ्चन तथा कोठी नदि नियन्त्रण र कटानको समस्यालाई समाधान गर्दै नदि किनारमा हरित सडक निर्माण गर्ने कार्यको सम्भाव्यता अध्ययन गरिने छ।सो कार्यको लागी प्रदेश तथा संघिय सरकार संग समेत अनुरोध गरिने छ।

३४.पूर्वाधार बिकासमा सार्वजनिक नीजि साझेदारीलाई प्रोत्साहन गरिने छ। सुचना प्रविधिमा सवै नागरिकको पहुच वृद्धि हुनेखालका योजनाहरु लाई जोड दिईने छ।

३५. सामुदायिक विद्यालयहरुमा गुणस्तरिय शिक्षाका लागि शिक्षक तालिम, पुरस्कार प्रोत्साहन तथा सघन निरिक्षण र अनुगमनको व्यवस्था मिलाई व्यापक सुधार ल्याईने छ।

३६.विद्यालयको जिर्ण भौतिक संरचनालाई संघिय सरकार, प्रदेश सरकार संग समन्वय गरि पुन-निर्माणको कार्य अगाडि बढाईने छ।

३७.उच्च शिक्षामा सहज र सर्वसुलभ पहुच कायम गर्नको लागि संचालन भएको क्याम्पसको गुणस्तरमा सुधार गर्दै कञ्चन २ बसन्तफुलवारीमा प्राविधिक क्याम्पस स्थापनाको सम्भाव्यता अध्ययन गरि सरकारी स्तरमा संचालन गर्न प्रदेश तथा संघिय सरकार संग आवश्यक पहल गरिने छ।

३८.सामुदायिक विद्यालयमा अध्ययनरत जेहेनदार गरीव तथा उत्कृष्ट विद्यार्थीलाई दोहोरो नपर्ने गरि छात्रवृति तथा पुरस्कारको व्यवस्था मिलाईने छ।

३९.सामुदायिक विद्यालयमा सुचना प्रविधिको प्रयोग मा जोड दिईने छ।उच्च गतिको इन्टरनेट र विद्युतिय हाजिरीको व्यवस्था गरिने छ।वालविकास कक्षालाई

वालमैत्री वनाई विद्यार्थी भर्ना दर शत प्रतिशत पुर्याउने नीति अवलम्वन गरिने छ।

४०. अपाङ्ग, सुस्त-मनस्थीती तथा फरक क्षमताको विद्यार्थीलाई पठनपाठन गर्ने उद्देश्यले संचालन भएका विद्यालयलाई विशेष सहयोग गर्ने गरी कार्यक्रम अगाडी वढाईने छ।

४१.पर्यटन पूर्वाधारमा जोड दिईने छ। नजिकै रहेको गौतम वुद्धको जन्मस्थल लुम्विनिमा आउने आन्तरिक तथा वाह्य पर्यटकहरुलाई कञ्चन सम्म ल्याउने खालका पुर्वाधारहरु निर्माणमा नीजि क्षेत्र संगको साझेदारीमा जोड दिईने छ। कञ्चनमा रहेका पर्यटनका सम्भावना वोकेका दानापुर ताल, ढावा ताल, ऐतिहासिक वरको रुख, विभिन्न वन जंगल, सामुदायिक वनलाई पर्यटनको विकास मार्फत स्वरोजगारीमा जोड दिईने छ।

४२.पर्यटकहरुलाई आर्कषित गर्न गजेडि ताल वरपर होमस्टे संचालन र सो कार्यको लागि अध्ययन अवलोकनका कार्यक्रम समेत राखिने छ।

४३.परम्परा, भाषा, संस्कृति, रितिरिवाज र रहनसहन झल्काउने कला र संस्कृतिको संरक्षण गर्ने नीति अबलम्वन गरिने छ।

४४.लोपन्मुख, विपन्न र सिमान्तकृत वर्ग तथा जोखिममा रहेका नागरिकको लागि सुरक्षित, किफायती, वातावरणमैत्री, व्यवस्थित वस्ती आवास पुनर्निमाण गरिने छ। फुसका छाना र खरको छाना वाट असुरक्षित आवासहरुलाई विशेष सहयोग मार्फत आधुनिक आवासमा रुपान्तरण गरिने छ।साथै सो कार्यका लागि जनता आवास कार्यक्रममा जोड्ने नीति लिईने छ।

४५.सहरी पूर्वाधार एवं भवन निर्माणको मापदण्ड लागु गरिने छ।

४६.आधारभुत स्वास्थ्य सेवालाई गुणस्तरमा सुधार गरि क्रमश विशेषज्ञ सहितको सेवा सुरुवात गरिने छ। आधारभुत स्वास्थ्य सेवालाई निशुल्क गरिने छ।

४७. संघिय सरकारको नीति अनुसार यसै वर्ष देखि १५ शैयाको अस्पताल निर्माणको लागि उपयुक्त स्थान छनौट गरी निर्माण गर्न आवश्यक पहल गरिने छ।

४८.स्वास्थ्य सेवा प्रदायक सार्वजनिक नीजि र सामुदायिक संस्थाहरु संग सहकार्य गरि गर्भवति महिला र सुत्केरी तथा नवजात शिशुको स्वास्थ्य सुरक्षा सुनिश्चित गरिनेछ।

४९.गजेडि स्वास्थ्य चौकिको भवन निर्माणको लागि आवश्यक व्यवस्था मिलाईने छ।

५०.गजेडि स्वास्थ्य चौकिमा चालु आ.व.को सुरु देखि नै ल्याव सेवा संचालन गर्न आवश्यक व्यवस्था मिलाईने छ।

५१.रुद्रपुर स्वास्थ्य चौकिको स्तरोन्तीको लागि आवश्यक पहल गरिने छ।

५२.आमा सुरक्षा कार्यक्रमलाई निरन्तरता दिइने छ।

५३.अशक्त ,जेष्ठ नागरिक र बालबालिकाहरुलाई ध्यानमा राखि विभिन्न विशेषज्ञ सहितको स्वास्थ्य शिविर संचालन गरिने छ।

५४.आमा र शिशु सुरक्षा कार्यक्रम अन्तर्गत (सुनौलो १००० दिन) लाई प्रभावकारी रुपमा लागु गरिने छ।

५५.आयुर्वेद तथा प्राकृतिक चिकित्सा प्रणालीहरुलाई आधुनिकरण गरि संरक्षण र प्रवर्द्धन गरिने छ। हरैया स्थित आयुर्वेद स्वास्थ्य केन्द्रलाई थप प्रभावकारी सेवा प्रवाहमा विशेष जोड दिईने छ।

५६.सवै कञ्चनवासीलाई स्वच्छ खानेपानी तथा सरसफाई सेवा क्रमश उपलब्ध गराईने छ। आफ्नो टोल गाउको सरसफाई र आफ्नो फोहोर आफै व्यवस्थापन गर्ने नीति कार्यान्वयनमा टोल विकास संस्थालाई सक्रिय वनाई सोहि मार्फत सहयोगका कार्यक्रम अगाडि वढाईने छ। नदी, खोला, ताल, तलैया, नहर र सार्वजनिक स्थानमा फोहोर विसर्जन गर्नेहरुलाई दण्डित गरिने छ।

५७. निर्माणाधिन रहेका गजेडि वकुल्लाघाट खा.पा, गजेडि खा.पा, रातडाडां खा.पा, भैसाहि पिपरिचापा खा.पा, सुनगाभा हर्नाचौर धमिनाताल खा.पा. निर्माण सम्पन्न गरि सुरक्षित खानेपानी वितरणको व्यवस्था मिलाउन आवश्यक पहल गरिने छ।

५८. रुद्रपुर खानेपानी आयोजनालाई थप व्यवस्थित गरि क्षेत्र विस्तार गर्न आवश्यक पहल गरिने छ।

५९.रोजगारीको अवसर सृजना गर्न सम्भाव्य क्षेत्र पहिचान गर्ने रोजगारीको लागि सिप विकास तालिम तथा स्वरोजगारीको वातावरण निर्माणका लागि युवाहरुलाइ परिचालन गर्ने र युवा स्वरोजगार सिर्जना हुने कार्यक्रमका लागि विशेष योजना वनाइ लागु गर्न आवस्यक व्यवस्था गरिने छ ।खेलकुद क्षेत्रको विकास गर्दै युवाहरुलाइ खेल क्षेत्रमा प्रोत्साहन गर्दै *युवा प्रतिभावान खेलाडी उत्पादन* गरि राष्ट्रीय र जिल्ला स्तरमा कञ्चनको पहिचान र गौरव वढाउने खालका कार्यक्रमहरुमा युवा युवतीलाइ व्यापक परिचालनमा *जोड दिईने छ।*

६०.विभिन्न समूहमा रहेको पुजिलाई समेत परिचालन गरि सोहि समुहको सक्रियतामा आयमुलक कार्य अगाडी बढाउन आवश्यक व्यवस्था मिलाईने छ।

६१.महिलाको जीवनस्तर उकास्न लगानीका थप क्षेत्रहरु पहिचान गरि विस्तार गरिने छ।

६२.महिला, बालबालिका, जेष्ठ नागरिक, विपन्न लोपन्मुख र सिमान्तकृत समुदायलाई सामाजिक संरक्षण गरिने छ। महिला सशक्तिकरणमा जोड दिईने छ। कानून कार्यान्वयनको प्रभावकारीता वढाई मानव वेचविखन, लागुपदार्थ दुर्व्यसनि, महिला विरुद्ध हुने हिंसाजन्य कार्यलाई निर्मुल पार्न सबै किसिमका उपायहरु अबलम्वन गरिने छ।

६३. सुरक्षा निकाय संगको सहकार्यमा सबै किसिमका कानुन बिपरितका कार्यहरु रोक्न कडा कदम चालिने छ।

६४.समाजका राम्रा मुल्य र मान्यताहरुको संरक्षण गरिने छ। बालविवाह, दाईजो, वोक्सि, जातिय भेदभाव, उत्पिडन तथा छुवाछुत एवं सामाजिक कुरुतीलाई उन्मूलन गरिने छ। धार्मिक आस्था, प्रथा वा प्रचलनका कारणले कसैलाई कुनै आघात वा मर्का पर्ने व्यवहार हुन दिईने छैन।

६५.खेलकुदको बिकासको लागि अहिले भएका खेल मैदानलाई स्तरोन्नति गर्न प्रदेश संग समेत समन्वय गरी व्यवस्थित गर्दै लैजाने नीति अबलम्वन गरिने छ।

६६.सार्वजनिक तथा सरकारी जग्गा संरक्षण तथा व्यवस्थापन गरि अतिक्रमणलाई रोकिने छ।

६७.विपत व्यवस्थापन पूर्व तयारीको लागि आवश्यक व्यवस्था मिलाईने छ।

६८.आ.व.२०७५/७६ देखी एकिकृत सम्पत्ति कर लगाई करको दायरा फराकिलो पारिने छ।

६९."**सम्वृद्ध कञ्चन सुखी कञ्चनवासी**" हाम्रो उद्देश्य हुनेछ। ५ वर्ष भित्रै कञ्चनको पहिचान झल्किने गरि भएका साधन स्रोतलाई उच्चतम उपयोग गरि विकास निर्माणको काम अगाडी बढाईने छ।

७०.वित्तिय क्षेत्रको लगानीको प्रमुख हिस्सा वचत संकलन, परिचालन एवं पुजी निर्माण र उत्पादन वृद्धिमा सहकारीहरुलाई परिचालन गरिने छ।

७१.न्यायलाई छिटो छरितो गराई जनताहरुमा न्यायिक अनुभुतिको महशुस गराईने छ।

७२.हाम्रो कार्यप्रणाली सुशासनको मूल्य र मान्यतामा आधारित हुने छ। सेवा प्रवाहलाई शिघ्र सरल र सहज वनाईने छ। विकास निर्माण कार्य तोकिएको मापदण्ड तथा गुणस्तर वमोजिम हुने कुरालाई सुनिश्चित गरिने छ।

७३.नागरिकको मौलिक हक प्रत्याभूति गर्ने कुरामा उच्च प्राथमिकता दिईने छ। जातिय विभेद विरुद्धको अधिकार स्वास्थ्य सुरक्षाको प्रत्याभुति जस्ता विषयहरुलाई मानव अधिकारको अंगको रुपमा स्विकार्दै सरोकारवालाहरुको सहभागितामा तर्जुमा गरिएका कार्यक्रमहरुलाई सम्वोधन गर्न आवश्यक व्यवस्था मिलाईने छ।

७४.आ.व. ०७५/७६ मा डम्पिङ साईटको व्यवस्था गर्न कार्यदल गठन गरि काम अगाडी बढाईने छ।

७५.टोल सुधार संस्थालाई सक्रिय बनाई व्यापक जनसहभागितामा पुर्ण सरसफाई लगायतका कार्यक्रम संचालन गर्न आवश्यक व्यवस्था मिलाईने छ।

७६.यस गाउपालिकामा कार्यरत निजामती तथा अन्य सेवाका कर्मचारीहरुको क्षमता अभिवृद्धिका लागि विभिन्न तालिमहरु संचालन गरिने छ। कर्मचारीहरुलाई आफ्नो कार्यप्रति जिम्मेवार, जवाफदेही र मेहनती बनाउन उत्प्रेरणात्मक कार्यक्रम अन्तर्गत मौद्रिक तथा गैर मौद्रिक नीति अबलम्बन गरिने छ।

७७.यस गाउपालिका भित्रका सरकारी सम्पत्तिको खोजतलास गरि संरक्षणको व्यवस्था मिलाईने छ।

७८.बिकास निर्माणका कार्यमा बढि जनसहभागिता तथा आय आर्जन वृद्धि गर्ने कार्यलाई प्राथमिकता दिईने छ।

७९.गाउपालिका भित्र सरकारी संरचना निर्माण गर्दा अपाङ्गमैत्री वनाईने छ।

८०.प्रगतिशिल करको सिद्धान्त अनुरुप सवै क्षेत्रलाई करको दायरामा ल्याईने छ। आन्तरिक स्रोतलाई मजबुत वनाउन करका थप क्षेत्रहरुको पहिचान गरि करको दायरा बृद्धि गरिने छ।

८१. गाउपालिका बाट प्रदान हुने सेवा तथा सुविधा सहज सरल र सुलभ ढङ्गवाट उपलब्ध गराउन जवाफदेहिता बिहिन स्थीतीको अन्त्य गर्न आवश्यक संस्थागत सुधारमा जोड दिईने छ।

८२. जनप्रतिनिधिहरुको नेतृत्व र क्षमता बिकासका निमित्त अभिमुखिकरण कार्यक्रम संचालन गरिने छ। अन्तर स्थानीय तहका अनुभवहरुलाई आदान प्रदानको व्यवस्था मिलाईने छ। प्रभावकारी सेवा प्रवाहका निमित्त राष्ट्रसेवक कर्मचारीहरुलाई उत्प्रेरित वनाउन मौद्रिक तथा गैर मौद्रिक नीति अबलम्बन गरिने छ।

८३. नेपालको संविधानले संघ प्रदेश र स्थानिय तहको अन्तरसम्वन्धलाई बलियो बनाउने आधारको रुपमा सहकारिता, सह-अस्तित्व र समन्वयको सिद्धान्तलाई आत्मसात गरेको छ। यसकै मुल मर्म अनुरुप हामी छिमेकी स्थानीय तह, प्रदेश सरकार र संघिय सरकार संग अधिकार र दायित्वका दृष्टिले मात्र होईन साधन श्रोतका दृष्टिले पनि एक अर्कामा परस्पर निर्भर हुने मान्यतालाई स्वीकार गर्ने छौ। सोहि मान्यता अनुरुप “सुखी नेपाली समृद्ध नेपाल” बनाउने संघिय सरकारको उद्देश्य र प्रदेश सरकारले “समृद्ध प्रदेश खुसी जनता” को लक्ष्य लाई

पछ्याउदै “समृद्ध कञ्चन, खुसी र सुखी कञ्चनवासी” हाम्रो लक्ष्य अनुरुप योजनावद्ध विकासको बाटोमा अघि वढ्ने अठोट गरेका छौ।

८४. संघिय सरकार र प्रदेश सरकारले ल्याएको र मार्गदर्शन गरेको नीति कार्यक्रम लाई कार्यान्वयन गरि पूर्ण रुपमा सफल पार्न हामी भरमग्दुर प्रयासरत रहने छौ।त्यसको जगमा टेकी हाम्रो गाउपालिका भित्र कञ्चनवासीको आवश्यकता चाहना र माग बमोजिम थप नीति तथा कार्यक्रम लागु गर्ने छौ।

८५. हाम्रो यो कञ्चन गाउपालिका, स्थानीय सरकार कञ्चनवासी जनताको सेवा, सुरक्षा,समृद्धि, सुख र खुसीको लागि जनताले वनाएको सरकार हो। तसर्थ कञ्चनवासी जनताको चाहना, इच्छा र सपनालाई साकार पार्न हामिमा रहेको श्रोतसाधन अधिकारको सहि प्रयोग गर्न हामि अडिग रहने छौ।

८६.अन्त्यमा, कञ्चन गाउपालिकाको समृद्धिको यात्रा तर्फ अग्रसर गराउन योगदान पुर्याउने राजनितिक दल, आर्थिक सामाजिक विकासमा आ-आफ्नो क्षेत्रवाट भुमिका निर्वाह गर्ने राष्ट्रसेवक कर्मचारी, सुरक्षा निकाय ,नीजि तथा सहकारी क्षेत्र, नागरिक समाज, बुद्धिजीवी, सञ्चार जगत तथा सम्पूर्ण कञ्चनवासीहरुलाई धन्यवाद दिन्छु। साथै हाम्रो बिकास प्रयासमा सहयोग पुर्याउने संघिय सरकार, प्रदेश सरकार, सम्पूर्ण जनप्रतिनिधि ज्युहरु र बिकासका सवै साझेदारहरुलाई धन्यवाद दिन्छु।

# धन्यवाद !